# सुम्निमा उपन्यासको बिम्बपरक विश्लेषण

अनिल अधिकारी

उपप्राध्यापक

नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्याल, नेपाल

Email: aniladhikaribhojpur@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v10i1.34576

**लेखसार**

साहित्यमा प्रयुक्त भाषा र अभिव्यक्तिलाई संक्षिप्त एवं शक्तिशाली तुल्याउने बिम्वले सृजित कृतिमा शब्दगत संक्षिप्तताभित्र लाक्षणिकता एवं अर्थगत चमत्कृति सृजना गर्दछ । सृजनालाई कलात्मक तथा व्यञ्जनाधर्मी तुल्याउने साहित्यको शिल्पसम्बद्ध भेदलाई बिम्ब भनिन्छ । सुम्निमा उपन्यासले बहुसाँस्कृतिक समाज र सभ्यतामा बहुल साँस्कृतिकताले अल्पसाँस्कृतिकतालाई आफूभित्रै समाहित गर्ने माववशास्त्रीय यथार्थलाई नेपाली समाजको संरचनासँग सम्बन्धित विद्यमान साँस्कृतिक विलयनको यथार्थलाई मीथकीय पुनर्सिर्जनका माध्यमबाट प्रस्तुत गरेको छ । मीथकहरू स्वाभाविक रूपले सामाजिक हुने र यिनले जाति वा देशलाई समान मनोवैज्ञानिक र सांस्कृतिक क्रियाकलापमा आबद्ध गर्दै सुम्निमा उपन्यासमा किरात र ब्राम्हण जातिलाई मीथकीय आधारमा बाँधेको र जातिगत मिश्रणबाट जीवनको सृजना भएको भन्ने यथार्थद्योतन गर्दै सामाजिक/साँस्कृतिक सम्मिलनको कथ्यलाई बिम्बका साक्ष्यबाट प्रमाणित गर्नसफल रहेको छ । मूलभूत रूपमा समकालिकता, पौराणिकता, ऐतिहासिकता, लोकविश्वास र व्यवहार, भिन्न साँस्कृतिक उपादेयता र तिनको मिश्रणबाट निर्मित समाजको सामाजिक अवस्थितिलाई बोध गराउन उपन्यासमा प्रस्तुत भएका विविधतापूर्ण विशेषता भएका बिम्ब सफल र सार्थक रहेका छन् । नेपाली सामाजिक जीवनपद्धति सम्बद्ध विभिन्न सन्दर्भलाई आकर्षक कलेवर प्रदान गर्न तथा सृजनात्मक व्यङ्ग्यार्थ प्रस्तुत गर्न अहम् भूमिका खेलेका बिम्बले औपन्यासिक संगठन र भावप्रवाहलाई उत्कृष्ठता प्रदान गरेका छन् । बिम्बात्मक शिल्पविन्यासका साक्ष्यमा पूराकथाको पुनर्निर्माण गरी नवीनतम मूल्य स्थापित गर्ने उच्चकोटिको कृतिमा उपन्यासलाई प्रमाणित गर्न यस उपन्यासमा आएका बिम्बको अहम् भूमिका रहेको छ ।

*शब्दकुञ्जी :* बिम्ब, किरात, आर्य, साँस्कृतिक मिश्रण, मीथक

## विषय परिचय

नेपाली कथा साहित्यमा वि.स. १९९२ मा प्रवेश गरी मनोवैज्ञानिक यथार्थवादको प्रारम्भ र प्रतिष्ठापन गर्ने कोइरालाले उपन्यास लेखनका क्षेत्रमा आफ्नो साहित्य सिर्जनाको उत्तरार्द्धमा आएर मात्र सक्रियता देखाएका छन् । २०१७ सालको राजनीतिक घटनापश्चात् लगातार आठवर्ष (२०१७-२०२५) सुन्दरीजल जेलमा राजबन्दीको जीवन बिताउँदा जेलको एकाङ्गी जीवन नै कोइरालाको उपन्यास लेखनको मूल उत्प्रेरक बन्न पुगेको हो । कोइरालाका प्रकाशित छ वटा उपन्यासहरू *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) र *बाबु, आमा र छोरा* ( २०४५) रहेका छन् । यी उपन्यासहरू सबै एकै कालखण्डको उपज भएर पनि आफैंमा बेग्लाबेग्लै र विशिष्ट प्रकृतिका छन् । विषयगत विविधताले गर्दा पनि ती उदाहरणीय र अनुपम बनेका छन् । यस उपन्यासमा आर्य संस्कृतिको स्लखन एवम् किरात संस्कृतिसँगको सम्मिलनबाट निर्मित मिश्रित सामाजिक संस्कृतिको उद्भव भएको विषकलाई प्रस्तुत गरिएको छ । जीवनका शरीरपक्ष र आत्मपक्षको विषयमा विशदविमर्श (सुवेदी, २०५३, पृ. २५६) प्रस्तुत भएको यस उपन्यासमा आर्य पौराणिक सन्दर्भसँगै

किरातहरूको पुराण मुन्धुमका मीथकलाई विषयवस्तु र आख्यानका रूपमा पुनर्सिर्जना गरी आर्य र मङ्गोलका बीच समन्वयको बाटो खोतल्ने र सांस्कृतिक विलयनको कारण खोज्ने सटिक उद्देश्य राखिएको छ (बराल र एटम, २०५६, पृ. ३१३) । मीथकहरू स्वाभाविक रूपले सामाजिक हुन्छन् जसले जाति वा देशलाई समान मनोवैज्ञानिक र सांस्कृतिक क्रियाकलापमा आबद्ध गर्दै *सुम्निमा* उपन्यासमा किरात र ब्राम्हण जातिलाई मीथकीय आधारमा बाँधिएको र जातिगत मिश्रणबाट जीवनको सृजना भएको यथार्थद्योतन गर्न उपन्यास सफल रहेको छ । प्रस्तुत अध्ययनमा कोइरालाका प्रकाशित उपन्यासहरूमध्ये *सुम्निमा* उपन्यासलाई बिम्बपरक विश्लेषणका लागि चयन गरिएको छ । यस लेखमा कृतिपरक विवेचनाका अन्य पक्षको परिहार गर्दै *सुम्निमा* उपन्यासको बिम्बपरक विश्लेषण गरिएको छ ।

### समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य समस्या *सुम्निमा* उपन्यासमा प्रयोग गरिएका बिम्बको निराकरण गर्नु रहेको छ । सांस्कृतिक विविधताले निर्माण भएको नेपाली समाजमा रहेका आर्य र मङ्गोल जातिको साँस्कृतिकता र जातीय विलयनको विषय प्रस्तुत र्भको यस उपन्यासमा द्विजातीय संस्कृतिसम्बद्ध विविध विषयको साक्ष्यबाट आएका उपयुक्त बिम्बको पहिचानलाई मुख्य समस्याका रूपमा उठान गरिएको छ । यस समस्याको केन्द्रमा रही उपन्यासका अन्य पक्षको अध्ययनलाई परिहार गर्दै समस्याको रूपमा औंल्याइएको समाधान खोजी गरी उक्त समस्याको निराकरण नै यस अध्ययनको उद्देश्य रहेको छ ।

## शोधविधि तथा सामग्री

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषणका लागि बिम्ब विषयक मान्यता र अवधारणाका सापेक्षतामा बिम्बको आधारभूत स्वरूप तथा उक्त स्वरूपका सापेक्षतामा *सुम्निमा* उपन्यासमा अवशिष्ट बिम्बको निर्क्यौल गरिएको छ । सामग्रीको सङ्कलन आगमनात्मक विधिबाट गरिएको छ । निगमनात्मक विधिबाट सैद्धान्तिक पक्ष र उपन्यासको विविध सन्दर्भको खोजी गरिएको छ । सामग्री सङ्कलनपश्चात् *सुम्निमा* उपन्यासलाई आधार सामग्रीका रूपमा लिई प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

### अध्ययनको सीमा

विश्वेश्वरप्रसाद कोइरालाद्वारा सृजित *सुम्निमा* उपन्यासको विश्लेषण सौन्दर्यशास्त्रीय चिन्तनका विभिन्न दृष्टिकोणका आधारमा गर्न सकिन्छ । यस लेखमा *सुम्निमा* उपन्यासलाई विश्लेषणका अन्य सौन्दर्यशास्त्रीय पक्षलाई छाडी बिम्बपरक विश्लेषणका लागि चयन गरिएको छ । यस क्रममा सौन्दर्यशास्त्रीय चिन्तनका विभिन्न दृष्टिकोण मध्ये चयनित विषयको अध्ययन अन्य दृष्टिकोणहरू परिहार गर्दै बिम्बपरकताका आधारमा शाब्दी संरचनामा प्रस्तुत बिम्बका आधारमा विवेचना नगरी उपन्यासमा रहेका साक्ष्यका आधारमा उपन्यासको बिम्बपरक विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

### सैद्धान्तिक आधार

बिम्ब शब्द संस्कृत भाषाको बी धातुमा वन् प्रत्यय लागेर बनेको कृदन्त तत्सम शब्द हो । अङ्ग्रेजी भाषामा symbol शब्दद्वारा सङ्केत गरिएको यस शब्दको शाब्दिक अर्थ प्रतिमा, प्रतिबिम्ब, छाया, प्रतीक वा संकेत जस्ता विविधतापूर्ण अर्थ हुन आउँछ । साहित्यमा प्रयुक्त भाषा र अभिव्यक्तिलाई संक्षिप्त एवं शक्तिशाली तुल्याउने

बिम्बले सृजित कृतिमा शब्दगत संक्षिप्तताभित्र लाक्षणिकता एवं अर्थगत चमत्कृति भर्दै कविता कृतिलाई कलात्मक तथा व्यञ्जनाधर्मी तुल्याइदिन्छ । कविता/काव्यको सम्पूर्ण संरचनात्मक एवं रूपविन्यासगत आयामलाई आफ्नो संक्षिप्त कलेवरभित्र समेट्न सक्ने सामर्थ्य भएको बिम्बलाई 'दृष्टान्तस्तु सधर्मस्य वस्तुनः प्रतिबिम्बनम् । यत्र बिम्बानु बिम्बत्वं बोधयेत् सा निदर्शना ॥' (विश्वनाथ, १९८१, पृ.१०) भनी परिभाषित गरिएको छ । अझ पाश्चात्य साहित्यमा बिम्बवाद साहित्यिक अभियान नै सञ्चालन गरेका सर्जकहरूले साहित्यको शिल्पनिर्माणमा बिम्बको भूमिकालाई उत्कृष्ठ देखाएका छन् । बिम्बहरू आफैंमा सुन्दर हुन्छन् र ती आफैंले कविको विशेषतालाई चित्रण नगरी प्रबल अनुभूतिलाई रूपान्तरण गरी कविको मौलिक प्रतिभाको प्रमाणका रूपमा आफूलाई प्रस्तुत गर्दछन् (सिंह, १९९८इ, पृ. २४) । बिम्बले संरचनामा निहित विषयक्रम सम्बद्ध स्रष्टाका विशेषता/व्यक्तित्व विवेचना नगरी भावगत साक्ष्यका आधारमा सृजना र सर्जकको पहिचान स्थापित गर्दछ । बिम्बवादी कवि एज्रा पाउन्डको परिभाषालाई उद्धृत गर्दै भगीरथ मिश्र लेख्दछन् : अत्यन्त कम समयमा हुने बौद्धिकता र भावात्मकताको समिश्रणबाट निष्पन्न अभिव्यक्ति बिम्ब हो । यस सन्दर्भले बिम्बको संरचना र प्रकार्य तथा त्यसको साहित्यिक उपादेयतालाई पुष्टि गरेको छ । जीवनभर खर्चिएर ज्यादा ग्रन्थको निर्माण गर्नुभन्दा एउटा बिम्बको सृजनाभित्र अन्योन्याश्रित ज्ञान र अर्थको सीमा कयौं गुण शक्तिशाली हुन्छ (माटा, १९९६, इ. पृ. १२४) । यस कथनले साहित्यिक कृतिको गुणवत्ता र स्तर निर्धारणको आधार बिम्ब भएको साध्यलाई प्रमाणित गर्दछ । कुनै पनि कृतिको गुणस्तर मापन गर्ने आधारका रूपमा रहने बिम्बले कृति र कृतिकारको सृजनात्मक क्षमतालाई निर्देशित गरेको हुन्छ । औपन्यासिक कृतिमा बिम्बको प्रयोग प्रस्तुतिगत उच्चता, अभिव्यक्तिगत संक्षिप्तता र आकर्षक शिल्प प्रस्तुत गर्नका लागि शैली पक्षसँग सम्बद्ध भएर आएको हुन्छ (सिंह, १९९८इ, पृ. २८) । यति मात्र नभई बिम्बले अभिव्यक्तिलाई विशिष्ट अर्थयुक्त बनाउन विशेष भूमिका खेल्दछ । कृतिमा प्रयुक्त अप्रस्तुतलाई प्रस्तुत, उपस्थितिबाट अनुपस्थिति, सादृश्यविधान तथा व्यङ्ग्य र व्यञ्जनालाई प्रस्तुत गर्नका लागि सबैभन्दा उपयोगी अंशका रूपमा बिम्बको स्थान उच्च रहेको छ ।

अङ्ग्रेजी भाषामा बिम्बलाई image भनिन्छ । image शब्दको शाब्दिक अर्थ, छाया, दर्पण वा प्रतिबिम्ब हो । बिम्ब शब्दको साहित्यिक सन्दर्भमा प्रयोगलाई लिएर दिएको अर्थ काव्य बिम्ब हो जसलाई poitic image भनिन्छ । पाश्चात्य सन्दर्भमा प्रयोग गरिएका बिम्बसम्बन्धी परिभाषा र सन्दर्भभित्र बिम्बको शाब्दिक अर्थ र साहित्यिक अर्थको व्यापक प्रयोग गरिएको छ (गौतम, २०६०, पृ.१) ।

उपर्युक्त प्रसङ्गबाट सन्दर्भित रूपमा आएका परिभाषिक शब्द र अर्थअनुसार बिम्बको स्वरूप निम्नानुसार देखिन आउँछ : बिम्बमा सम्मूर्तन हुन्छ, बिम्ब कल्पनाप्रसूत शब्दचित्र हो । बिम्ब बौद्धिक र रागात्मक ग्रन्थीको प्रकाशन हो । बिम्बहरू अनुभूतिका अभिव्यञ्जक हुन् । बिम्बले भावक (पाठक)लाई भावनाभूतिको चरमस्थितिसम्म पुऱ्याउँछ । एउटा सफल र सबल कविको कसी नै उसको बिम्बविधायिनी शक्ति हो । साहित्यको आन्तरिक अङ्ग र प्राथमिक तत्त्व बिम्ब हो । साहित्यको अन्तःचेतनालाई बिम्बले सदस्यता प्रदान गर्दछ । शुद्ध साहित्यको अस्तित्व बिम्बमै प्राप्त गर्न सकिन्छ । माथिका आधारबाट के प्रष्ट हुन्छ भने बिम्ब साहित्यको गौण अङ्ग नभई उच्चस्तरीय साहित्यलाई मापन र मूल्याङ्कन गर्ने महत्वपूर्ण अङ्ग हो ।

**सुम्निमा उपन्यासको सन्दर्भ**

विश्वेश्वरप्रसाद कोइराला (१९७१–२०३९)को साहित्य यात्राको थालनी हिन्दी भाषामा लेखिएका कविता र कथाबाट भएको हो । यिनका आरम्भकालीन आख्यानात्मक सृजना भारतका विभिन्न पत्रपत्रिकामा भए पनि *चन्द्रवदन* (१९९२) यिनको प्रथम प्रकाशित कथा हो । आधुनिक नेपाली आख्यानका प्रारम्भकर्ता मध्येका एक

कोइरालाले फ्रायडेली मनोवैज्ञानिकको यथार्थ पक्षलाई सूक्ष्म रूपमा केलाई तिनै विषयको सादृश्यमा आख्यान तत्त्वलाई गतिशीलता प्रदान गरी आफ्ना कृतिको रचना गरेका छन् । आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी स्वघोषण गरेका कोइरालाका कृतिमा उनको राजनीतिक विचारधाराको कहीं छाप परेको देखिँदैन भने उनका कृतिले मानवीय मनोविज्ञानअन्तर्गतका कामवासना, मनका चेतन, अवचेतन र अर्द्धचेतन तीन तहको संरचनाको प्रभावकारी चित्रण गरेका छन् । २०१७ सालको राजनीतिक परिवर्तनपछि बन्दी बनाइएका कोइरालाले जेल बसाइका क्रममा लेखिएको ९४ पृष्ठमा विस्तारित *सुम्निमा* उपन्यास २०२७ सालमा प्रकाशित भएको हो । बहुजातीय सामाजिक संरचना भएको नेपाली समाजको साँस्कृतिक परिचय दिने यस कृतिले नेपाली समाजलाई साँस्कृतिक र जातीय मिश्रणको सन्तुलित साझा स्थानका रूपमा परिभाषित गरेको छ । यस कृतिमा आर्यसंस्कृतिको स्लखन एवम् किरात संस्कृतिसँगको सम्मिलनको सामाजिक सन्दर्भको चित्रण गरिएको छ । जीवनका शरीरपक्ष र आत्मपक्ष विषयक विमर्शलाई विवेचना गर्ने क्रममा यस उपन्यासले नेपाली सामजिक संरचनाभित्रको अन्तर्साक्ष्यलाई साँस्कृतिक मिश्रण र जातीय मिश्रणको सन्दर्भसँग जोडेर विवेचना गरेको छ । आर्यपौराणिक सन्दर्भसँगै किरातहरूको पुराण मुन्धुमका मीथकलाई विषयवस्तु र आख्यानका रूपमा पुनर्सिर्जना गरी आर्य र मङ्गोलका बीच समन्वयको बाटो खोतल्ने र साँस्कृतिक विलयनको कारण खोज्ने लेखकीय उद्देश्यले कथ्यको निर्माणमा अहम् भूमिका खेलेका छन् । सनातन वैदिक आर्य जीवनपद्धतिलाई सामान्यीकरण गरी नेपाली समाजलाई लौकिक जीवनपद्धतिमा रूपान्तरण गर्ने मुख्य कारक र प्रेरकका रूपमा किरात संस्कृति र जीवनपद्धति रहेको साक्ष्यलाई विवेचना गर्न उपन्यासकारले कुनै कसर राखेका छैनन् । वर्तमानको नेपाली समाज र यसको साँस्कृतिक विश्वासको साझा मान्यता विकास गर्नका लागि अर्वाचीन संस्कृतिद्वयले जुन भूमिका निर्वाह गरे त्यही साँस्कृतिक धरातल नै नेपाली सामाजिक सभ्यता विकासको उत्कर्षका रूपमा अक्षुण्ण रहेको छ । प्रस्तुत उपन्यासको कथ्य निर्माणमा जसरी साँस्कृतिक र जातीय मिश्रणले समाज र सामाजिकता निर्माणमा जुन प्रकारको रचनात्मक भूमिका निर्वाह गऱ्यो कृतिको गुणस्तर कायम गर्नका लागि साँस्कृतिक मिश्रणको सन्दर्भबाट आएका मिश्रित बिम्बको प्रयोगले औपन्यासिक कृतिलाई मिश्रित संस्कृतिको उपज मात्र नबनाई बहुल साँस्कृतिकता सम्पन्न संरचनाका रूपमा स्थापित गरेको छ । यस उपन्यासमा प्रयुक्त बिम्बविधानलाई निम्नानुसार अध्ययन गरिएको छ ।

### ***समसामायिक यथार्थ बिम्ब***

युगजीवनबाट टिपोट गरिएका समसामयिक विषय, भाव र सन्दर्भलाई  समसामयिक यथार्थ बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.७३) । यसप्रकारको बिम्बले समसामयिकता अर्थात् वर्तमानमाथि जोड दिन्छ । उपन्यासकार कोइराला यौन मनोविज्ञानलाई अस्तित्ववादी चिन्तनको कसौटीमा घोटेर नवीन विचार प्रतिपादन गर्ने आख्यानकार भएका कारण उनी आफ्ना सृजनामा नवीनता प्रस्तुत गर्न सदैव अग्रसर देखिन्छन् । मीथकीय पुनर्सिर्जन मुख्य विषयका रूपमा आएको यस उपन्यासमा समसामयिक युगबोधजन्य सन्दर्भ अद्यावधिक भएको देखिदैन तथापि वर्तमान नेपाली समाजको बनोटका सन्दर्भमा उपन्यासको अन्त्यमा 'किरातीहरूको जातीय रक्तधारामा एउटा ब्राम्हणले आफ्नो रक्त पनि मिसाएको थियो । त्यस जातीय रक्तको महासमन्द्रमा एउटा थोपाको कुनै अस्तित्व रहेन' (कोइराला, २०५०, पृ.९४) साक्ष्यको उल्लेख गरिनुले पूर्वी नेपालको कौशिक क्षेत्र, यहाँको साँस्कृतिक अन्तर्मिश्रण तथा सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ । उपन्यासकारले प्रस्तुत गरेको यस साक्ष्यले नेपाली समाज किरात र आर्य समुदायको मिश्रणबाट निर्मित भएको यथार्थलाई उद्घाटित गरेको छ । कौशिकी क्षेत्रको विशिष्टता यही रहेको छ । सदियौंदेखि वर्तमानसम्म चलिरहेको यो सामाजिक परम्परालाई समसामायिक यथार्थ बिम्बको सन्दर्भपरक अर्थमा समेट्न सकिन्छ ।

***पारदर्शी बिम्ब***

कुनै पनि वस्तुमा देखिने छाया/प्रतिच्छायापरक आकृति जस्तै स्वच्छ निर्मल पानी, ऐना, सीसा आदिको बिम्बात्मक उपस्थिति पारदर्शी बिम्बको अभिलक्षण रहेको छ । कुनै पनि वस्तुको स्वच्छता वस्तुसापेक्ष प्रस्तुत गरिने दर्पण वा छविचित्रलाई प्रस्तुत गरिने बिम्बलाई पारदर्शी बिम्ब मानिन्छ । यस्ता बिम्बमा वस्तुजस्तो छ, जस्तो देखिन्छ त्यस्तै चित्रण गरिएको हुन्छ । प्रस्तुत उपन्यास पारदर्शी बिम्बले भरिएको उपन्यास हो । यस उपन्यासका स्थान रमणीय थियो, वन जङ्गलका कन्दमुल र फलफूलले भरिएको र नजिकै तल शीतल जलबाहिनी नदी कौशिकी थिइन्', (कोइराला, २०५०, पृ.१)','शरीर समागमको विधि उत्पन्न गर्दा पतिपत्नी दुवैले अत्यन्त क्लान्त भएको अनुभव गरे । पतिले भन्यो "पुलोमा ! आजको पुत्रेष्टि अनुष्ठान कार्य सम्पन्न भयो तिम्रो शरीरले भोग बोध त गरेन ? वासनायुक्त त भइनौ तिमी' ? (पृ.,३९)", 'एउटा विशाल शिलाखण्डमा बसेर सोमदत्तले भन्यो चौरतिरबाट वनस्पतिहरूले सुरक्षित यो सुरम्य खाडल, मलाई माताको गर्भको स्मरण गराउँछ र यहाँको यो सरोवरको जल त्यो जीवनरस सदृश लाग्छ जसबाट गर्भमा शिशु पोषण प्राप्त गर्दछ' (पृ.,५०) ।

> मैले क्यै बुझ्या छैन यी सबै कुरा साँच्चै सोमदत्त ! कुन्नि बाले भनेको हो भन्दै उसले झोलाबाट कौडीहरूको कन्दनी झिकी र सोमदत्तको कम्मरमा लगाई दिई । अनि कौडीहरूको माला जनैजस्तै गरी काँधमा भिराई दिई कपाल कोरेर मयूरपङ्खी मुकुट पनि उसको शिरमा पहिऱ्याई दिई अनि एउटा कालो चिल्लो काठको लामो लौरो दिएर सुम्निमाले भनी "यही हो तिम्रो हतियार अब हेर त आफ्नो अनुहार दहको पानीमा" "यहाँ त म कहाँ छु र एउटा भिल्ल र एउटी सुन्दरी तरूनी छे सुवर्णरूपकी ! (पृ, ५५) ।

'पुलोमाको कण्ठबाट ठुलो चीत्कार निस्कियो 'दिपको क्षण प्रकाशमा त्यो भयङ्कर रूद्र रूप प्रकट भएको देखेर एकपटक विभत्स स्वरमा पुलोमा चिच्याई, 'भिल्ल युवक !' (पृ., ६४) । उपर्युक्त साक्ष्यमा आएका प्रसङ्गले प्रकृति, जीवनजगत् र वस्तुयथार्थलाई जस्ताको तस्तै प्रस्तुत गरेको छ तसर्थ यी प्रसङ्गले पारदर्शी बिम्बको पुष्टि गरेका छन् ।

***प्रतीकात्मक बिम्ब***

बिम्बभित्र प्रतीक अन्तर्गर्भित भएर आउनु तथा प्रतीक बिम्बीय रूपमा प्रस्तुत भएर आउने शैलीलाई प्रतीकात्मक बिम्ब भनिन्छ । प्रतीकवादी अख्यानकारका रूपमा आफ्नो छवि बनाएका प्रस्तुत उपन्यास आफैँमा एउटा प्रतीक हो जसले किरात र आर्य सभ्यताको मिश्रणपछिको युगको आरम्भलाई सङ्केत गर्दछ सोमदत्त आर्यसभ्यता र संस्कृतिको प्रतीक हो भन्ने कौशिकक्षेत्र मिश्रित नेपाली समाजको प्रतीक हो । नेपालको पूर्वी भू-खण्डमा रहेको साँस्कृतिक निरपेक्षता र सहिष्णुताको प्रतीकका रूपमा कैशिकक्षेत्र कालान्तरदेखि अनन्तसम्म जीवित रहने अवधारणालाई प्रतीकात्मक रूपले व्याख्या गर्नु तथा उपन्यासले निष्कर्ष प्राप्त गर्नु अझ महत्त्त्वपूर्ण पक्ष हो । यसका अतिरिक्त आर्यसभ्यता, बिजुवा किरात संस्कृति, मनुवादह, मह, दुध आदि यौन शक्तिबर्धक वस्तुको प्रतीक, भिल्ल युवक चरम यौनउत्तेजनाको प्रतीक तथा तपश्या आर्य जीवनमा मुक्तिको प्रतीकजस्ता सन्दर्भले प्रतीकात्मक बिम्बको प्रतिनिधित्व गरेका छन् । यी प्रतीकले बिम्बात्मक रूपमा उपन्यासको सन्दर्भगत अर्थको तहलाई अझ बढी आश्वादित र हृदयसंवेद्य तुल्याउन थप महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

***यौन बिम्ब***

यौनक्रिडा, संभोग, नग्नता, यौनकेन्द्र आदिको वर्णन, मांशल चित्रण र यौन अनुभूतिजन्य विषयलाई चित्रण गर्ने बिम्बलाई यौन बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.१०१) । *सुम्निमा* उपन्यास यौन बिम्बको समुचित प्रयोग गरी

लेखिएको उपन्यास हो । फ्रायडको यौनमनोविश्लेषणत्मक मान्यताबाट प्रेरित र प्रभावित कोइराला उपन्यासमा प्रयुक्त मूल जीवनचेतनाभित्र यौन मनोविज्ञानको अहम् भूमिका रहने स्पष्ट छ । यसका अतिरिक्त भिन्न विचार क्षेत्रको परिधिभित्र पनि यौन मनोविज्ञान र यौनजन्य विषयको उपस्थिति कोइरालाको आख्यानमा सुक्ष्म र स्थलरूपमा अटाएकै हुन्छन् 'अनि पो सोमदत्तले देख्यो की एउटी नग्न तरुनी' (कोइराला, २०५०, पृ. २) । यो साध्यमा नवयौवनाको नग्नअवस्थाको माध्यमबाट यौन बिम्बको प्रभावकारी प्रयोग भएको छ ।

***छायात्मक बिम्ब***

अस्पष्ट छायात्मक, धूमिल आकृतिपरक र बिम्ब/प्रतिबिम्ब भाव देखिने अभिलक्षणयुक्त प्रस्तुतिलाई छायात्मक बिम्ब भनिन्छ । छायात्मक बिम्बले साहित्यानुभूतिको एउटा छायापरक परिदृश्यलाई पाठक मस्तिष्कमा उतार्न अहम् भूमिका खेल्दछ । उपन्यासकारले छायात्मक बिम्बलाई प्रत्यक्ष प्रयोग नगरी सन्दर्भगत अर्थमा समावेश गरी प्रस्तुत गरेका छन् : 'ऊ सहस्र सूर्यको प्रखरताका साथ यसका सम्मुख उभिएकी थी, यौवनको चरमावस्थामा केही कालका लागि शरीरले पाउने प्रखरताकासाथ सोमदत्तले देख्यो मनको रचनामात्र होइन यो, छलद्वारा उसको पटलमा विकारको भावबाट निर्मित हुन गएको फुस्साको चित्रपनि होइन यो' (कोइराला, २०५०, पृ.२३) । 'केहीबेरपछि एक ढक्की चामल कुटेर पुलोमा कुटीको प्राङ्गणका बीच निर्मित यज्ञस्थानमा आइपुगी । सोमदत्तले मन्थन रहेको शमीको गर्भबाट उत्पन्न, अश्वस्थद्वारा अग्नि प्रकट गऱ्यो । यत्नपूर्वक प्रस्तुत समिधाका सुकेको काष्ठखण्डमा अग्नि प्रज्वल्लित भयो (पृ. ३७)' ।

> तेलमा घसेको दुवै हात उसले सोमदत्तलाई सुँघाई । धुपको सुगन्ध थियो त्यो तेलमा । सुम्निमाले बिस्तार-बिस्तार सोमदत्तको शरीरमा तेल लाइदिन लागी । उसको हातको  हलुका हलुका स्पर्श सोमदत्तलाई बढो रमाइलो  लाग्यो, शिथिल सुविस्ताकोअनुभव गऱ्यो उसले । तेल लगाई दिँदा सुम्निमाको नग्न शरीर बीचबीचमा सोमदत्तको शरीरलाई छुन्थ्यो (पृ.,५२) ।

पीडा र आनन्दको एकसाथको भोगमा परेर ऊ साउतीको चित्कारमा भन्दै थी 'अह् अह्भिल्ल अह् अहभिल्ल अह् अह् ! उसलाई लाग्यो कि उसको कानैनिर सारा वन-प्रान्त निःशोसित भएर बुद्बुदाई रहेछ । वाष्पध्वनिमा ''सुम्निमा ! सुम्निमा !!' (पृ.६४) । उपन्यासकारले प्रस्तुत गरेका बिम्ब प्रतिबिम्बात्मक अवस्थालाई प्रष्ट पार्ने यी साक्ष्यले छायात्मक बिम्बको प्रयोगलाई पुष्टि गरेका छन् ।

***निजन्नधारी बिम्ब***

लोकसाहित्य, संस्कृति, लोकमान्यता, लोकविश्वास आदिको प्रतिबिम्ब भएका दन्त्यकथात्मक, जादूपरक र आंशिक पौराणिकताको समेत झल्को दिने बिम्बलाई निजन्नधारी बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.१२१) । यस्ता बिम्बमा कौतूहल, मनोरञ्जन एवं वैचित्र्यपूर्ण काल्पानिकता अभिव्यञ्जित हुनेगर्दछ । *सुम्निमा* उपन्यास प्राचीन आर्य समाज र किरात सम्प्रदायको मिश्रणबाट निर्माण भएको नेपाली समाजको यथार्थपरक चित्रणमा आधारित छ । उपन्यासको अन्त्यमा 'जो किरातीहरूमा जनश्रुतिमात्र बाँकी रह्यो कि उनीहरूको जातिको एउटा शाखा, पछि रावाखोलातर्फ लाग्यो, को एउटा पुर्खा आश्रमबासी बाहुन थियो रे !' (कोइराला, २०५०,  पृ. ९४) । यस साक्ष्यले समग्र उपन्यास लोकआहान वा कथ्यको एउटा नवीन पुनर्निर्माण हो भने सूचना दिएको छ । यसका अतिरिक्त विवाह सन्तान उत्पत्तिका लागि गरिने प्रक्रिया तथा ग्रामीण जीवनको सहज एवं सजीव चित्रण पाइने यस उपन्यासमा यस बिम्बको उल्लेख्य उपस्थिति रहेको छ ।

***ब्रह्माण्ड बिम्ब***

सृष्टिचक्र र प्रागैतिहासिक सन्दर्भसमेतको गहिरो अभिव्यञ्जना प्रस्तुत हुने साहित्यिक बिम्बलाई ब्रह्माण्ड बिम्ब भनिन्छ (गौतम, २०६०, पृ. १२४)। साहित्यभित्र यस्ता बिम्बले सृष्टिचक्र, इतिहास र मानव विकासका सन्दर्भलाई केन्द्रविन्दुमा राखेको पाइन्छ। यसप्रकारका बिम्बभित्र भूगोल, खगोल, भू-गर्भ इतिहास, कालप्रवाह, ग्रहनक्षत्र जस्ता प्रसङ्गलाई शब्दबिम्बका रूपमा प्रस्तुत गरिएको हुन्छ। मिश्रित संस्कृति भएको नेपाली समाजको स्थापना कसरी भयो भन्ने केन्द्रीय कथ्यमा आधारित सङ्कथन भएकाले यस उपन्यासले कौशिक क्षेत्रमा ब्राम्हण समुदायको उपस्थिति कसरी भयो ? किरातहरू कुन अर्थमा आदिवासी हुन् ? एकजातिको बाहुल्य रहेको स्थानमा दोस्रो अल्पसङ्ख्यक कसरी  बहुल संस्कृतिमा विलय हुन्छ ? जस्ता समाजशास्त्र सापेक्ष प्रश्नको उत्तरमा केन्द्रित रहेको छ। यस सन्दर्भले कुन ऐतिहासिक तथ्यको पुष्टि गर्दछ भने कौशिक क्षेत्र आदिवासी भिल्ल किरातहरूको बसोबास भएको क्षेत्र हो। यस क्षेत्रमा अन्यजातिको उपस्थिति धेरैपछाडि मात्र भएको हो भन्ने सन्दर्भको सप्रमाण विवेचना गरिनुनै यस उपन्यासमा ब्रह्माण्ड बिम्बको प्रयोग सान्दर्भिक रूपमा भएको पुष्टि गर्ने मुख्य प्रमाणका रूपमा रहेको छ।

***प्राकृतिक बिम्ब***

मानव निरपेक्ष सौन्दर्यसत्ताको चित्रणबाट साहित्यलाई शृङ्गार गरी नवीन अर्थ र आश्वादन सृजना गर्ने बिम्बलाई प्राकृतिक बिम्ब भनिन्छ (माटा, १९९६ इ. पृ.१३७)। प्राकृतिक बिम्बमा मानवेतर सौन्दर्यसत्ताको अवलोकन, मूल्याङ्कन र चित्रण गरी प्रकृतिको विराटरूपको सूक्ष्मीकरण वा सूक्ष्मरूपको विस्तृतीकरण गरी नवीन शिल्पको विकास गरिएको छ। प्राकृतिक सौन्दर्यबाट मुग्ध हुने रोमान्सेली स्रष्टाका अतिरिक्त जुनसुकै विचारको केन्द्रीयतामा सिर्जना  गर्ने स्रष्टा पनि प्रकृति निरपेक्ष रहन नसक्ने अवस्थामा जुनसुकै स्रष्टाको जेसुकै रचनामा पनि प्रकृति साक्षेप/निरपेक्षरूपमा प्रयोग भएको हुन्छ। यही वस्तुकथ्यबाट उपन्यासकार पनि अछुतो रहेका छैनन्। प्रस्तुत उपन्यासमा कोशी नदीको किनार बराहक्षेत्र आसपासको प्राकृतिक मनोहारिताको अत्यन्त कलात्मक वर्णन गरिएको छ। 'वनजङ्गलका कन्दमूल र फलफूलले भरिएको र नजिकै ताल शीतल जलवाहिनी कौशिकी नदी थिइन्' (कोइराला, २०५०, पृ. १)। 'सुम्निमा भन्दै थी, 'गर्मी याम वडो अल्छीलाग्दो हुन्छ। मनमा के के कुरा आइरहन्छन् बालुवामा उठिरहेको त्यो तातो बाफ जस्तो। तिमीलाई त्यस्तो हुन्न सोमदत्त ?' (पृ., १६)', 'शरीर फूल जस्तो राम्रो छ एकछिन वास छरेर झर्ने' (पृ, २४) 'एकछिनमा उनीहरू गाउँ छोडेर वनभित्र पसे। सल्ला, चम्पा, उत्तीस, चिलाउने, कटुस र लप्सीका वृक्षहरूले झ्याम्म थियो वन। सुम्निमाले भनी 'अब हामीहरू देवीथाननिर आइपुग्यौं। ऊ रूखहरूले छोपेर झ्याम्म परेको ठाउँमा छ मनुवादह' (पृ.४९)। 'जलको निर्मल शीतस्पर्शले उसको अङ्ग पुलकित भयो। अहिलेसम्मको लठ्ठ पार्ने मादकता मानौं त्यहाँको शीत स्पर्शले एकदम लोप भएको छ र त्यहाँको ठाउँमा सारा शरीर र मनमा मानौ निष्प्रयोजन अद्‌भुत स्फूर्ति र चञ्चलताको सञ्चार भइरहेको छ (पृ. ५३)। कौशिकी क्षेत्र प्रकृतिक मनोहारिताका लागि प्रसिद्धि प्राप्त क्षेत्रका रूपमा चिनिएको छ। यस क्षेत्रमा भौगोलिक सुन्दरताकै तुलनीय मानवीय सुन्दरता पनि जीवन्त रहेको छ। यही प्राकृतिक र मानवीय सौन्दर्यको अन्तर्मिश्रणबाट नेपाली सभ्यताको पहिचान र विकासले गतिशीलता पाएको अर्थद्योतन गर्ने अनेकौं सन्दर्भमा प्राकृतिक बिम्बको यथोचित् प्रयोग भएको छ।

***ऐतिहासिक बिम्ब***

इतिहाससम्मत घटना, पात्र, परिवेश, स्थान जस्ता वस्तुसन्दर्भलाई साहित्यिक रूपमा प्रस्तुत गरिने बिम्बलाई ऐतिहासिक बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.१४५)। यस बिम्बले राष्ट्रिय, अन्तर्राष्ट्रिय परिदृश्यमा

देखिएका घटनाक्रमलाई वर्तमान बोधका साथ सामान्यीकरण गर्दै सामयिक सन्दर्भको निकट राख्न अहम् भूमिका खेल्दछ । अस्तित्ववादी/मनोविश्लेषणवादी उपन्यासकार कोइरालाको *सुम्निमा* मीथकीय पुनर्सिजन गरी लेखिएको उपन्यास हो । नेपाली समाजको साँस्कृतिक आधारलाई केन्द्रविन्दुमा राखी लेखिएको यस उपन्यासमा प्रयुक्त घटना समग्रमा ऐतिहासिक प्रकृतिका रहेका छन् । यद्यपि मीथक यस उपन्यासको केन्द्रीय विषय रहेकोले लेखनगत सन्दर्भमा आएका प्रसङ्गले ऐतिहासिक बिम्बलाई पुष्टि गरेका छन् । 'हिमालयसम्मको भूभाग हाम्रा पुर्खाहरूबाट विजित भएर संरक्षणमा छ । युद्धमा परास्त भएर तिमीहरूले हाम्रा विजयलाई स्वीकार गरेका छौ' (कोइराला, २०५०, पृ.१०) । 'प्राचीनकालको एउटा आश्रमको अवशेष हो यो जो किरातीहरूमा जनश्रुति मात्र बाँकी रह्यो की उनीहरूको जातिको एउटा शाखा पछि रावाखोलातर्फ लाग्यो 'को एउटा पुर्खा आश्रमबासी बाहुन थियो रे' (पृ. ९४) । उपन्यासकारले यी साक्ष्यमार्फत् किरात र आर्य समुदायको प्रागऐतिहासिक सम्मिलनबाट सृजित नेपाली समाजको ऐतिहासिकतालाई बिम्बका माध्यमबाट प्रस्तुत गरेका छन् ।

***संवेदनात्मक बिम्ब***

प्रेम, अनुराग, करूणा, रस, ईर्ष्या, क्रोध, घृणा मोहजन्य संवेगहरूलाई अभिव्यक्त गर्न आउने शब्दलाई संवेदनात्मक बिम्ब भनिन्छ (गौतम, २०६०, पृ. १५२) । यसप्रकारका बिम्ब मूलभूतरूपमा रूप, रस, शब्द, गन्ध, स्पर्शजस्ता पञ्चतत्त्व, पृथ्वी, जल, तेज, वायु र आकाशजस्ता पञ्चमहाभूत एवं त्वक्, चक्षु, श्रोत्र, जिह्वा र घ्राण जस्ता पञ्चेन्द्रियद्वारा ग्रहण हुने बिम्बलाई संवेदनात्मक बिम्बको दायराभित्र परेका हुन्छन् । यसअन्तर्गत आउने एक कर्णसंवेद्य बिम्ब हो । यस बिम्बको प्रत्यक्ष सम्बन्ध कानसँग हुने हुनाले यस बिम्बलाई शब्दबिम्ब, नादबिम्ब, ध्वनिबिम्ब आदि नामबाट पनि परिभाषित गरिएको छ । उपन्यासमा आर्यसंस्कारमा निहित यज्ञयज्ञादिमा हुने मन्त्रोच्चारण र प्राकृतिक कलरवता जस्ता प्रसङ्गमा यस बिम्बले स्थान पाएको छ । शास्त्रोक्त विधिअनुसार अनुष्ठान गरिँदा गरिने मन्त्रोच्चारणको मोहकता तथा प्रकृतिक छटाभित्र अप्लावित भएर आएका सन्दर्भमा आंशिक कर्णसंवेद्य बिम्बको प्रयोग भएको देखिन्छ । यसै गरी दृश्यतत्त्व वा रूपतत्त्व सम्बद्धबिम्बलाई दृश्य/चक्षुसंवेद्यबिम्ब हो । यस बिम्बलाई रूपबिम्ब, दृश्यबिम्ब, साकार बिम्बजस्ता नामले चिनिन्छ । चक्षुद्वारा ग्रहण गरिएको दृश्यलाई स्रष्टाद्वारा सामान्यीकरण गरी शब्दचित्रका माध्यमबाट प्रस्तुत गरिनु यस बिम्बको मूल अभिलक्षण हो (नगेन्द्र, १९९० इ., पृ. २२७) । प्रस्तुत उपन्यासमा 'सोमदत्तले प्रश्न गऱ्यो हे ! सुम्निमा । तिमी को हौं' बालिकेले निश्छल उत्तर दिई म किरातीको छोरी हुँ सुम्निमा । तिमी को हौ नि ए दुब्ला केटा ? सोमदत्तले भन्यो म आर्यवंशी ब्राम्हण सूर्यदत्तको पुत्र सोमदत्त हुँ' (कोइराला, २०५०, पृ. ६) जस्ता अनेकौं संवाद र दृश्यभित्र चक्षुसंवेद्य बिम्बको यथेष्ठ प्रयोग गरिएको छ । यसका अतिरिक्त प्रकृति, जीवन, अध्यात्मजस्ता सन्दर्भमा पनि चक्षुससंवेद्य बिम्बको यथोचित् प्रयोग भएको देखिन्छ । ऐन्द्रियक पञ्चतत्त्वमध्ये रसानातत्त्व अर्थात् जिभ्रो वा स्वादसँग सम्बन्धित भएर आउने बिम्बलाई आश्वाद्यबिम्ब/रसनासंवेद्य बिम्ब भनिन्छ । मानव मस्तिष्कमा स्वादले प्रभाव पार्ने इन्द्रियतत्त्व सापेक्ष साहित्यमा यस बिम्बलाई सन्निवेश गराइएको हुन्छ । प्रस्तुत उपन्यासमा विभिन्न सन्दर्भमा रसनासंवेद्य बिम्बको प्रयोग भएको छ । 'दूध र महको ढुङग्रो सोमदत्तका अगाडि राखिदिई । सोमदत्तले अत्यन्त रूचिका साथ सबै खायो' (पृ.५१) । 'गाईको दूधमा बिहान कुटेको चामलको खीर पकाएर त्यसमा गाईकै घीउ मिसाएर पुलोमाले प्रस्तुत गरेको रात्रीभोजन खीर सोमदत्तले ग्रहण गऱ्यो' (पृ.३८) । संवेदनात्मक बिम्बअन्तर्गत घ्राणतत्त्वसँग सम्बन्धित बिम्बलाई घ्रातव्य बिम्ब/गन्धसंवेद्य बिम्ब भनिन्छ । प्राणीमा निहित घ्राणतत्त्व अर्थात् वासना लिनसक्ने संवेद्यताका आधारमा यसलाई घ्रातव्य बिम्ब भनिएको हो । यस बिम्बको सम्बन्ध प्रत्यक्षतः गन्धतत्त्वसँग रहेको हुन्छ । सुगन्ध र दुर्गन्धजन्य वस्तुको साहित्यमा उपस्थित हुनु घ्रातव्य बिम्बको अभिलक्षण हो । प्रस्तुत उपन्यासका विभिन्न साक्ष्यमा

गन्धसंवेद्य बिम्बको प्रयोग भएको छ । 'एक प्रकारको मीठो अन्न घृतमय सुगन्धले वातावरण रँगमगिएको हुन्थ्यो' (पृ. ५) 'बाले वनस्पतिबाट हरक झिकेर बनाको तेल हो सुँघ त कस्तो गम्म बास्ना आउँछ । तेल घसेको दुवै हात उसले सोमदत्तलाई सुँघाई । धुपको सुगन्ध थियो त्यो तेलमा' (पृ.५२) । यसैगरी त्वकइन्द्रिय अर्थात् छोएर अनुभूति गरिने स्पर्शतत्त्वसँग सम्बद्ध भएर आउने बिम्बलाई स्पृश्य बिम्ब भनिन्छ । चिसो, तातो, न्यानो, जाडो, गर्मी, कठोर, नरम, कोमल आदि भावद्योतन हुनु यस बिम्बको अभिलक्षण हो । उपन्यासकारले स्पर्शसंवेद्य बिम्बको प्रयोग प्रभावकारी रूपमा गरेका छन् : 'उसले मायाको हातले सोमदत्तको काँध स्पर्श गरी । सोमदत्तको शरीरभरि खुम्चिएको छालाउपर एकाएक सूक्ष्म कम्पनको लहर चल्मलायो । गाईवस्तुको आङ जुरूङ भएजस्तै । स्तनपान गर्दागर्दै सुम्निमाको छातीमा उसकी सानी छोरी निदाईसकेकी थिई' (पृ. ४६), 'तेल लगाइदिँदा सुम्निमाको नग्न शरीर बीचबीचमा सोमदत्तको शरीरलाई छुन्थ्यो एकप्रकारको उष्णशान्तिको अनुभव गरेर लठ्ठिदै गयो' (पृ. ५३) । यी साक्ष्यले सपर्श बिम्बको प्रयोगलाई पुष्टि गरेका छन् । मानव इन्द्रियले ग्रहण गर्ने र तिनले कृतिमा निर्माण गर्ने विशिष्ट भाव सम्प्रेषणका लागि यस बिम्बको प्रभावकारी र सशक्त भूमिका उपन्यासमा रहेको छ ।

***स्मृति बिम्ब***

साहित्यमा कल्पनात्मकता निष्कृय भई स्मरणद्वारा सृजित बिम्बलाई स्मृति बिम्ब भनिन्छ । यस्तो बिम्ब मानवजीवनमा देखिने एकाकीपन र शुन्यताको अभिव्यञ्जना गर्ने क्रममा प्रस्तुत हुने गर्दछन् (गौतम, २०६०, पृ.१७७) । मानवजीवनमा आइपर्ने, उदासी, निराशा, कुण्ठा, घनीभूत प्रेम, वियोग, चिन्ता, पीर, दुःख जस्ता अवस्थालाई सङ्केत गर्न साहित्यमा यस बिम्बको प्रयोग गरिन्छ । यस उपन्यासमा स्मृति बिम्बको प्रयोग सन्दर्भगत अर्थका तहमा भएको छ । 'पुलोमाले सम्झी- गाउँबाट यतालाग्दा त्यो भिल्ल किशोरसँग अन्तिम भेट भएको थियो' (कोइराला, २०५०, पृ.६३), 'पुराना कुरा सोच्दासोच्दै पुलोमा एकछिन तन्द्रामा लठ्ठिई । असंलग्न चित्रहरू उसको मास्तिष्कमा आइरहेका थिए विश्वामित्र, मेनका, अहल्या, भिल्लकिशोर । दियोको पहेंलो ज्योतिले कोठाको एउटा सानो भागलाई पीतआभामा प्रकाशित गरिरहेको थियो' (पृ.६३) । कृतिमा संस्मरणात्मकता र शैलीलाई विशेष सङ्केत गर्ने बिम्बको उपस्थिति रहेको यस साक्ष्यले स्मृति बिम्बको प्रयोग र प्रवाहलाई पुष्टि गरेको छ ।

***साँस्कृतिक बिम्ब***

सामाजिक संरचनाभित्र साँस्कृतिक रागलाई अभिव्यञ्जित गर्न प्रयोग गरिएको शब्दचित्रलाई सँस्कृतिक बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.१९७) । प्राचीनकालदेखि वर्तमान कालसम्म निरन्तर समाजमा आएका साँस्कृतिक परिर्वतन र विचलनलाई प्रस्तुत गर्नु यस बिम्बको विशिष्टता रहेको छ । 'संस्कारपूर्ण वेदपाठ र शुद्ध मन्त्रोच्चारणले उपस्थित मण्डली मुग्ध भयो र जब ऊ मुञ्जको लगौंटी र कौपीन धारणा गरी राङ्कवखण्डलाई बाँया काँधमा राख्दै पलासदण्ड टेकेर भीक्षा माग्न थाल्यो भवति भवति भिक्षाम् देहि' (कोइराला, २०५०, पृ.१) । 'भोलिपल्टै वैदिक कर्मानुसार स्थापित भएको अग्निवेदी परिक्रमा गरी शास्त्रोक्त विधिको अनुष्ठानद्वारा विवाह सम्पन्न भयो' (पृ.३५) । 'पुलोमाले आफ्नो कोठामा आएर आहतको स्वरमा आफैंलाई भनी भिल्लको घरमा म भएको भए कत्रो उत्सव रचिने थियो त्यहाँ ढोलकवादन र नृत्यकासाथ' ! (पृ. ८३) । यो बिम्ब परम्परासँग सम्बन्धित रहने भएकोले नेपाली समाजको अनादिकालीन सामाजिक संरचनालाई प्रस्तुत गरेको यस उपन्यासमा आर्यहरूको प्राचीन सनातनी संस्कृति र किरात समुदायको साँस्कृतिक प्राचीनतालाई प्रस्तुत गर्ने सन्दर्भमा यस बिम्बको प्रयोग भएको छ । यी साक्ष्यले साँस्कृतिक बिम्बको प्रयोगलाई पुष्टि गरेका छन् ।

***स्वप्न बिम्ब***

अवचेतन मनका स्वाप्नील संवेदनाहरू बिम्बका रूपमा अविर्भाव भई स्वप्नका माध्यमबाट प्रकट भई सघनरूपमा अर्थद्योतन हुने बिम्बलाई स्वप्न बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.२०१) । मानवीय मानसिकताअर्न्तगत अर्द्धचेतन मनका प्रतिक्रिया स्वरूप जन्मने अभिलक्षणको साहित्यमा अविर्भाव हुनु स्वप्नको द्योतक हो । प्रस्तुत उपन्यासमा सपनाको त्यस्तो कुनै चर्चा परिचर्चा भएको छैन । वैवाहिक गार्ह्यस्थ जीवनबाट आक्रान्त भएका सोमदत्त र पुलोमाको जीवनचर्यामा मोक्षका बाटो नै पुत्रप्राप्ति रहेको सन्दर्भमा अनेकौं यज्ञ अनुष्ठानबाट कार्यसम्पन्न नभएपछि प्राकृतिक नियोजन विधितर्फ आकृष्ठ बन्दै जाँदा पुलोमा तन्द्राबस भिल्ल युवकतर्फ अकृष्ट बन्नु तथा सोमदत्त सुम्निमातर्फ आर्कषित हुनुको सन्दर्भमा यस बिम्बको प्रयोग भएको छ । मनुवा दहमा स्नानपश्चात् सुम्निमाको चुम्बनले पूर्णतः कामोत्तेजक बनेको सोमदत्तले पालाबत्तीमा पहेँली देखिएकी पुलोमामा सुम्निमाको भ्रम देख्नु एवं भिल्ल युवकको भेषमा सिंगारिएको सोमदत्तलाई पुलोमाले भिल्ल युवकका रूपमा आत्मसात् गर्ने परिवेशको निर्माणले उपन्यासमा एउटा भ्रामक परिदृश्य सृजना गरेको छ । यही परिदृश्यभित्र स्वप्न बिम्बको उपस्थिति भएको छ । जसको परिणाम सुम्निमाको मानस गर्भमा जन्मिएको सोमदत्त पुत्र तथा भिल्ल युवकको मानसिक विर्यबाट जन्मिएको पुलोमा पुत्र यस उपन्यासमा एउटै पात्रको रूपमा उपस्थित हुन पुगेका छन् । यस औपन्यासिक सन्दर्भले स्वप्न बिम्बको प्रयोग भएको आधारलाई पुष्टि गरेको छ ।

***अलङ्कारिक बिम्ब***

शब्दलाङ्कार र आर्थलङ्कारबाट सृजना हुने बिम्बात्मकता नै अलङ्कारिक बिम्ब हो । यस बिम्बमा अलङ्कार प्रणित अप्रस्तुत बिम्बचित्रको प्रस्तुतीकरण हुने गर्दछ । आलङ्कारिक भाषा प्रयोगमा सिद्धहस्त मानिएका उपन्यासकारको यस उपन्यासमा अलङ्कारको यथोचित् प्रयोग गरेका छन् । यस उपन्यासमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त र प्रश्नालङ्कार जस्ता अर्थालङ्कार र शब्दालङ्कारको उपयुक्त र सापेक्षित प्रयोग भएको छ । उपन्यासभित्रका अलङ्कार नियोजित नभई सहज र स्वतस्फूर्त रूपमा आएकाछन् । उपन्यासका सन्दर्भमा अलङ्कार र अलङ्कारजन्य बिम्बले उपन्यासको बोध र आश्वादनमा कुनै अवरोध नगरी सहजता सिर्जना गर्नु यस बिम्बको थप विशिष्टता रहेको छ ।

***मीथकीय बिम्ब***

पुराकथा, पौरणिक कथा, दन्त्यकथा जस्ता पुरानो लोककिंवदन्तीको पुनर्लेखन वा पुनर्निर्माण गरी लेखिएका साहित्यिक कृतिमा सघन रूपमा आविर्भाव हुने बिम्बलाई मीथकीय बिम्ब भनिन्छ (गौतम, २०६०, पृ.२४३) । वैदिक, औपनिषदिक, पौराणिक, लोकविषयक सिर्जनामा यस बिम्बको प्रयोग भएको पाइन्छ । उपन्यासको औपचारिक कथ्यको आरम्भ हुनुपूर्व 'धेरै धेरै पहिलाको कथा हो यो अतीतको यति धमिलो गर्भबाट आएको की वर्तमानमा हाम्रो कानमा यो पुराणजस्तो ध्वनित हुन्छ' (कोइराला, २०५०, पृ. १) । 'हिमालय पर्वतहरूका कुना काप्चाभित्र नागबेली बनाउँदै कौशीका नदी पहाडहरूको काखको बन्धनबाट फुत्केर एउटी वयप्राप्त रमणी आफ्नो उन्मुक्ततामा मातृगृह त्यागी उम्के जस्ती बराहक्षेत्रको चतरा नामक समथल प्रदेशमा आफ्नो सम्पूर्ण प्रवेश र शक्तिका साथ हठात सहस्र कण्ठले चित्कार गर्दै निस्कन्छिन्' (पृ. १) । उपन्यासको अन्त्यमा, 'प्रकृतिलाई कोतरेर आफ्नो स्थान बनाउन खोज्ने एउटा ब्राह्मणको थलोलाई प्रकृतिले फेरि आफ्नो पारेर लियो । भन्छन्, त्यही ठाँउमा त्रेतायुगमा विश्वामित्रको पनि त्यस्तै अवस्था थियो रे ! किरातीहरूको जातीय रक्तधारामा एउटा ब्राह्मणले आफ्नो रक्तपनि मिसाएको थियो । कोशी अवाध गतिमा प्रकृतिको विराट शान्तिलाई चिर्दै बहिरह्यो सदाको जस्तो' (पृ. ९४) । प्रस्तुत *सुम्निमा* उपन्यास आफैंमा मीथकीय उपन्यास भएकोले यो उपन्यासको सम्पूर्ण सन्दर्भमा मीथकीय

बिम्बको प्राचुर्य रहेको छ । उपन्यासका पात्र, परिवेश र कथ्यसमेत मीथकीय रहेका छन्  जुन सङ्कथनभित्र मीथकीय बिम्बको प्रयोग भएको यथेष्ट प्रमाण दिने मुख्य कारकका रूपमा रहेका छन् ।

***प्रणय बिम्ब***

प्रेम, आकर्षण, प्रेमानुराग, प्रणयचेतना आदि विषयको प्रस्तुतीकरण भएका सन्दर्भमा विभिन्न हाउभाउ, मौनता, स्वीकृति, शान्तिप्रियता र समर्थनका माध्यमबाट यस्ता बिम्ब कृतिमा अभिव्यक्त भएका हुन्छन् (गिरी र क्षेत्री, २०५३,   पृ.१६) । विशेषतः रोमान्सेली स्रष्टाका सृजनामा घनीभूत रूपले अभिव्यञ्जित रहने यस बिम्बको प्रयोगबाट *सुम्निमा* उपन्यास पनि अछुतो रहेको छैन । यस बिम्बले विशेषतः युद्धप्रतिको विमुखता र शान्तिप्रतिको विचार संवहन गरेको हुन्छ । आर्य र मङ्गोल जातिको प्रतिनिधित्व गरेका उपन्यासका प्रमुख पात्रत्रयको बाल्यकालीन आकर्षण र युवावस्थामा साँस्कृतिक कारणले मिलनमा परिणत हुन नसके पनि त्यही आकषर्ण नै सोमदत्त र पुलोमाको वंशबृद्धिको कारक बनेको छ । 'अब लडाईं नहुने भो भिल्लको कुरा हामीले मानेनौ' (पृ. १४) तथा सुम्निमाको मानस गर्भ र भिल्ल युवकको मानस वीर्यले जन्मिएको सोमदत्त र पुलोमाको छोरोको सम्मिलनको प्रसङ्गमा प्रणय बिम्बको यथोचित प्रयोग भएको छ । अप्रस्तुत प्रशंशाका माध्यमबाट प्रस्तुत हुने यस बिम्बले युद्ध र त्यसले सिर्जना गर्ने विभत्स परिस्थितिका विरुद्ध शान्तिको चेतनालाई एकतिर प्रवाहित गरेको छ भने वैमनस्यताले सिर्जना गर्ने विभाजनले सोमदत्त र सुम्निमा विछोडिने संभावनाको अन्त्य भएको अर्थलाई यस बिम्बका माध्यमबाट प्रस्तुत गरिएको छ ।

***गणितीय बिम्ब***

सृजनात्मक कृतिमा प्रयोग भएका गणीतिय सङ्ख्या, चिह्न, सूत्र र सङ्ख्याबोधक शब्द आदिका माध्यमबाट प्रस्तुत गरिएका अभिव्यक्ति गणितीय बिम्बका रूपमा आएका हुन्छन् । सूर्यदत्तको सनातनी आर्य संस्कारका हिमायती परिवारले आर्य दर्शन र व्यवहारलाई शिशुको जन्मदेखि मृत्युसम्मका दैनिक गतिविधिको सञ्चालनमा समेत अवलम्बन गरेको सन्दर्भमा यस बिम्बको प्रयोग भएको छ । 'एक महिनापछि पुलोमाले फेरि ऋतुकालमा प्रविष्ट भएको सूचना सोमदत्तलाई दिई ऊ फेरि गौशाला पछाडिको वनमा तीनदिनका लागि गुप्तबासमा गई' (पृ. ३९) । यस साक्ष्यमा आफ्नो संस्कृतिलाई असचेताबस् स्वीकार गरेका समुदायले प्राकृतिक चक्रको नियमलाई स्वसाँस्कृतिक आधारमा विवेचना गर्ने सन्दर्भमा यस बिम्बको प्रयोग भएको छ ।

***विविध बिम्ब***

स्रष्टा मानसिकताले साहित्य सिर्जना गर्ने सन्दर्भमा आफ्ना आशयलाई प्रस्तुत गर्न निर्माण गरिएका बिम्ब नै वैयक्तिक/निजी बिम्बका रूपमा आएका हुन्छन् । यसप्रकारका बिम्बले परम्परित मूल्य र मान्यता बोकेका बिम्बका सापेक्षतामा फरक अर्थ, संरचना, विशेषता र प्राप्तिलाई अङ्गीकार गरेको हुन्छ । प्रस्तुत उपन्यासमा उपन्यासकारले विविध सन्दर्भमा निजी बिम्बको प्रयोग गरेका छन् । विशेषगरी मनोवैज्ञानिक जीवन चेतनालाई प्रस्तुत गर्ने सन्दर्भमा यसप्रकारका बिम्बको प्रयोग भएको छ । यस बिम्बअर्न्तगत नाम नखुलेका समग्र बिम्बलाई राख्न सकिन्छ । उदाहरणका लागि गाई, अँध्यारो रात, यज्ञ, शयन कक्ष, तपोभूमि, सुँगुर, बलिजस्ता अनेकौं सन्दर्भमा आएका बिम्ब नै यस उपन्यासमा प्रयुक्त लेखकीय अर्थात् निजी बिम्ब हुन् ।

**निष्कर्ष**

विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली साहित्य र राजनीतिका महत्त्वपूर्ण प्राप्ति हुन् । साहित्यमा आफ्नो बहुआयामिक व्यक्तित्व स्थापित गरेका कोइराला साहित्यमा अराजकतावादी तथा राजनीतिमा समाजवादी

चिन्तकका रूपमा आफूलाई स्थापित गरेको स्वघोषण गरेका छन् । मीथकहरू स्वाभाविक रूपले सामाजिक हुन्छन् जसले जाति वा देशलाई समान मनोवैज्ञानिक र सांस्कृतिक क्रियाकलापमा आबद्ध गर्दै *सुम्निमा* उपन्यासमा किरात र ब्राम्हणजातिलाई मीथकीय आधारमा बाँधेर जातिगत मिश्रणबाट नूतन जीवन समाज सृजना भएको यथार्थद्योतन प्रस्तुत गर्न सफल रहेको छ । सृजनालाई व्यङ्ग्यार्थपूर्ण बनाउन अहम् भूमिका खेल्ने बिम्बको यथोचित् प्रयोगले उपन्यास सम्पन्न रहेको छ । यस उपन्यासमा स्पष्ट रूपमा समसामयिकताका द्योतक समसामयिक यथार्थ बिम्ब, पारदर्शी बिम्ब, प्रतीकात्मक बिम्ब, यौन बिम्ब, छायात्मक बिम्ब, निजन्धारी बिम्ब, ब्रह्माण्ड बिम्ब, प्राकृतिक बिम्ब, ऐतिहासिक बिम्ब, संवेदनात्मक बिम्बका विविध रूप, स्मृति बिम्ब, स्वप्न बिम्ब, आलङ्कारिक बिम्ब र मीथकीय बिम्ब प्रत्यक्ष देखिन्छन् । जीवनपद्धति सम्बद्ध विभिन्न सन्दर्भलाई जीवन्तता प्रदान गरेका यी बिम्बले उपन्यासको संरचना र भावप्रवाहलाई उत्कृष्ठता प्रदान गरेका छन् । यसका अतिरिक्त उपन्यासमा आएका बिम्बले लोकउपजीव्यको पुनर्निर्माण गरी नवीनतम मूल्य स्थापित गर्ने उच्चकोटिको कृतिमा उपन्यासलाई उभ्याउनसमेत विशेष भूमिका निर्वाह गरेका छन् । यस उपन्यासमा आएका बिम्बले आर्यसंस्कृतिको स्लखन एवम् किरात संस्कृतिसँगको सम्मिलनको प्रस्तुतिका अतिरिक्त जीवनका शरीरपक्ष र आत्मपक्षको विषयमा विशद् विमर्शको अनुमोदन गर्न सहयोगी सिद्ध भएका छन् । यस उपन्यासमा आर्यपौराणिक सन्दर्भसँगै किरातहरूको पुराण *मुन्धुम*का मीथकलाई विषयवस्तु र आख्यानका रूपमा पुनर्सिर्जना गरी आर्य र मङ्गोलका बीच समन्वयको बाटो खोतल्ने र सांस्कृतिक विलयनको कारण खोज्ने उद्देश्य परिपूर्तिका निम्ति प्रकार्यात्मक भूमिका खेलेको बिम्बात्मक साक्ष्यका आधारमा प्रस्तुत उपन्यास सफल रहेको निष्कर्ष हुन आउँछ ।

## सन्दर्भसामग्री


कोइराला. विश्वेश्वरप्रसाद (२०५०). *सुम्निमा.* साझा प्रकाशन.

गिरी, गोविन्द क्षेत्री, दुवसु (२०५३), *समकालीन कविताक रूपयात्रा,* वसुन्धरामान प्रकाशन.

गौतम. लक्ष्मणप्रसाद (२०६०). *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण.* साझा प्रकाशन.

नगेन्द्र (१९९० इ.). *काव्यबिम्ब.* नेसनल पब्लिसिङ हाउस.

बराल.कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन.

माटा. च. (१९९६ इ).. *भारतीय एवं पाश्चात्य सौन्दर्यशास्त्र.* वाई. के. पब्लिसर्स.

विमल. कुमार (१९९८ इ). *सौन्दर्यशास्त्रके तत्त्व.* राधाकृष्ण प्रकाशन.

विश्वनाथ (१९८१ इ.). *साहित्यदर्पण.* चौखम्बा संस्कृत सिरिज.

सिंह. के (१९९८ इ.). *आधुनिक हिन्दी कवितामे बिम्ब विधान.* राधाकृष्ण प्रकाशन.

सुवेदी. राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* भूमिका प्रकाशन.